जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक २४८ • २०८३ असार १४ गते आईतवार • 28 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## संघीय लोकतान्त्रिक गणतन्त्र, प्रदेश व्यवस्था र समावेशितामाथि हुने कुनै पनि प्रहार स्वीकार्य नहुनेः यादव

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १३ असार




जनता समाजवादी पार्टी (जसपा) नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, प्रदेश व्यवस्था र समावेशितामाथि हुने कुनै पनि प्रहार स्वीकार्य नहुने बताएका छन् ।

उनले प्रदेश संरचना खारेज गर्ने बहस संविधानको मर्मविपरीत भएको उल्लेख गर्दै त्यसको प्रतिवाद गर्न जसपा नेपाल दृढतापूर्वक उभिने बताए। जसपा नेपालले जनकपुरधाममा आयोजना गरेको मधेश प्रदेशबाट प्रतिनिधिसभा निर्वाचन-२०८२ का प्रत्याशीहरूसँगको अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिका रूपमा सम्बोधन गर्दै यादवले पार्टीको मूल उद्देश्य सामाजिक न्याय, पहिचान र अधिकारको आन्दोलन भएकाले लक्ष्य प्राप्त नभएसम्म सङ्घर्ष जारी रहने स्पष्ट पारे ।

मधेश प्रदेश समितिका अध्यक्ष बालकिशोर प्रसाद यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अध्यक्ष यादवले एउटा निर्वाचनको परिणामलाई अन्तिम सत्यका रूपमा नलिन नेता-कार्यकर्तालाई आग्रह गरे ।

उनले संगठनलाई गाउँदेखि प्रदेशसम्म थप सुदृढ बनाउँदै आगामी निर्वाचन र राजनीतिक अभियानका लागि अहिलेदेखि नै तयारीमा जुट्न निर्देशन दिए । यादवले पार्टीभित्र इमानदार, सक्रिय युवा, महिला र दलित समुदायलाई नेतृत्वमा अवसर दिनुपर्नेमा जोड दिँदै विगतमा पार्टीलाई धोका दिने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने धारणा राखे। संगठन पुनर्गठनसँगै नियमित प्रशिक्षण सञ्चालन गरी पार्टीको वैचारिक आधार बलियो बनाउनुपर्ने उनको भनाइ थियो ।

उनले डिजिटल युगमा सामाजिक सञ्जाल पार्टीको प्रभावकारी माध्यम बनेको उल्लेख गर्दै नेता-कार्यकर्तालाई सामाजिक सञ्जालमार्फत पार्टीका नीति, विचार र गतिविधि जनतामाझ पुर्‍याउन सक्रिय हुन आग्रह गरे । अध्यक्ष यादवले आगामी स्थानीय, प्रदेश तथा संघीय निर्वाचनलाई लक्षित गरी पार्टीका सबै तहका नेता-कार्यकर्ताले जनताबीच निरन्तर पुग्नुपर्ने बताए । वर्गीय समानता, समाजवाद, सामाजिक न्याय र समावेशी शासनका एजेन्डालाई जनस्तरसम्म प्रभावकारी रूपमा पुर्‍याउनुपर्ने उनको जोड थियो । उनले विगत तीन दशकभन्दा बढी अवधिमा पटक पटक सरकार फेरिए पनि नागरिकले अपेक्षा गरेअनुसार सुशासन, विकास र रोजगारीको अनुभूति गर्न नसकेको दाबी गर्दै यही कारणले परम्परागत राजनीतिक दलप्रति जनविश्वास कमजोर बन्दै गएको टिप्पणी गरे । गणतन्त्र, सङ्घीयता र सामाजिक न्यायको रक्षा गर्दै मुलुकलाई सही दिशामा लैजान जसपा नेपाल एकताबद्ध भएर अघि बढ्नुपर्ने उनको भनाइ थियो ।

## अर्थ मन्त्रालयले गरेको निर्णय मन्त्रिपरिषद् बैठकद्वारा खारेज




जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १३ असार

मधेश प्रदेश सरकारको खर्च नियन्त्रण तथा वित्तीय अनुशासन कायम गर्ने उद्देश्यले अर्थ मन्त्रालयले गरेको निर्णय मन्त्रिपरिषद् बैठकले खारेज गरेको छ । शुक्रबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले अर्थ मन्त्रालयले मन्त्रीस्तरीय रूपमा गरेको निर्णय उल्ट्याउने एकमात्र निर्णय गरेको हो ।

गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोका अनुसार क्याबिनेट बैठकले अर्थ मन्त्रालयले २६ जेठमा गरेको खर्च नियन्त्रणसम्बन्धी निर्णय खारेज गर्ने निर्णय गरेको छ । 'शुक्रबारको क्याबिनेटमा एउटा मात्र निर्णय भएको छ, अर्थ मन्त्रालयले २६ जेठमा गरेको निर्णय खारेज गर्ने,' उनले भने । सत्ता गठबन्धन परिवर्तनपछि अर्थमन्त्री बनेका नेकपा दलका नेता युवराज भट्टराईले २६ जेठमा खर्च कटौती तथा वित्तीय अनुशासन कायम गर्ने उद्देश्यले कडा निर्णय गरेका थिए । उनको निर्णयअनुसार १० लाख रुपैयाँसम्मका खुद्रे योजनाहरू कार्यान्वयन नगर्ने, २५ जेठसम्म सम्झौता भएका योजनाको मात्र भुक्तानी गर्ने र त्यसपछि भएका योजनाको भुक्तानी नदिने व्यवस्था गरिएको थियो ।

उक्त निर्णय मन्त्रालय, सचिवालय, आयोग, प्रतिष्ठान तथा अन्य सरकारी निकायलाई परिपत्र मार्फत कार्यान्वयन गर्न निर्देशन दिइएको थियो । त्यसैगरी, कार्यालय सामग्री तथा मसलन्द खरिदमा बाँकी बजेटको ३० प्रतिशत कटौती गरिएको थियो । इन्धन, सवारीसाधन, मेसिनरी मर्मत, सार्वजनिक सम्पत्तिको संरक्षण, छपाइ तथा सूचना प्रकाशन, कार्यक्रम सञ्चालन, तालिम, परामर्श, विज्ञापन र भ्रमणजस्ता शीर्षकमा बाँकी बजेटको ५० प्रतिशत रकम रोक्का राख्ने व्यवस्था गरिएको थियो ।

अर्थ मन्त्रालयले सवारीसाधन तथा मेसिनरी खरिद, वन तथा वातावरण संरक्षण, संरचना निर्माण, सूचना प्रणाली तथा सफ्टवेयर विकास, विभिन्न संस्थालाई अनुदान तथा पूँजीगत सहयोग, पशुपन्छी तथा बागवानी विकास, विद्युत् संरचना निर्माणलगायत शीर्षकमा खर्च हुन बाँकी सम्पूर्ण रकम रोक्का गर्ने निर्देशन समेत दिएको थियो । उक्त निर्णयले प्रदेशको खर्च प्रणालीमा कडाइ ल्याउने र अनावश्यक तथा दोहोरो खर्च नियन्त्रण गर्ने उद्देश्य लिएको बताइएको थियो । तर, अर्थ मन्त्रालयको उक्त निर्णयपछि प्रदेश सरकारभित्रै असन्तुष्टि चुलिएको थियो । मुख्यमन्त्री कृष्णप्रसाद यादवसहित केही मन्त्रीहरूले निर्णयप्रति असन्तुष्टि जनाएका थिए भने कर्मचारी तहमा समेत नियमित कामकाज प्रभावित भएको गुनासो उठेको थियो । विशेषगरी १० लाख रुपैयाँसम्मका साना तथा खुद्रे योजनामा रोक लगाइएपछि स्थानीय तहका विकास निर्माण तथा नियमित कार्यक्रम प्रभावित भएको भन्दै व्यापक असन्तुष्टि देखिएको थियो । शुक्रबारको मन्त्रिपरिषद् निर्णयसँगै अर्थ मन्त्रालयले अघि सारेको खर्च नियन्त्रण तथा वित्तीय अनुशासन नीति तत्कालका लागि निष्क्रिय बनेको छ । अब प्रदेशका रोकिएका विभिन्न कार्यक्रमहरू पुनः अघि बढ्ने सम्भावना देखिएको छ ।






जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय……………….

# सामाजिक सञ्जाल जिम्मेवारीको कडा परीक्षा

*सुचना प्रविधिको तीव्र विकाससँगै सामाजिक सञ्जाल आज मानव जीवनको अभिन्न अंग बनेको देखिन्छ। फेसबुक, एक्स (ट्विटर), इन्स्टाग्राम, टिकटक, युट्युबलगायतका माध्यमले संसारलाई एक क्लिकको दूरीमा ल्याइदिएको छ। विचार व्यक्त गर्न, सूचना आदानप्रदान गर्न, व्यवसाय प्रवर्द्धन गर्न, सामाजिक अभियान सञ्चालन गर्न तथा सम्बन्ध विस्तार गर्न सामाजिक सञ्जाल अत्यन्त प्रभावकारी माध्यम सिद्ध भएका छन। तर, यसको प्रयोग जति सहज र आकर्षक छ, यसको अदूरदर्शी प्रयोगले निम्त्याउने प्रभाव र परिणाम त्यति नै गम्भीर र जटिल पनि हुन सक्छ। सामाजिक सञ्जालमा आज आफूले लेखेको वा बोलेको कुरा क्षणिक रूपमा सही लागे पनि त्यो सबैका लागि स्वीकार्य नहुन पनि सक्छन। समयको परिवर्तनसँगै मानिसका विचार, परिस्थिति र प्राथमिकताहरू पनि परिमार्जित हुँदै जान्छ। आज आवेश वा उत्तेजनामा लेखिएको एउटा स्टाटस, टिप्पणी वा अभिव्यक्ति भोलि आफ्नै लागि प्रत्युत्पादक (गलापासो) बन्न सक्छन। विगतमा अरूलाई लक्ष्य गरेर आक्रोशपूर्ण रूपमा व्यक्त गरिएका शब्दहरू कालान्तरमा आफ्नै जीवनमा मेल खान आएका उदाहरणहरू समाजमा प्रशस्तै देख्न सकिन्छन।*

*त्यसैले सामाजिक सञ्जाल केवल अभिव्यक्तिको स्वतन्त्रतामात्र होइन, बरु यो प्रयोगकर्ताको सामाजिक र नैतिक जिम्मेवारीको कडा परीक्षा पनि रहेको देखिन्छ।*

# नेपाली सेनाको तालिम शिक्षालयमा अभ्यासका क्रममा ग्रिनेड विस्फोट

**जलेश्वरटुडे समाचारदाता**
**कैलाली, १३ असार**

कैलालीस्थित नेपाली सेनाको तालिम शिक्षालयमा अभ्यासका क्रममा ग्रिनेड विस्फोट हुँदा एक सैनिकको मृत्यु भएको छ भने अर्का एक जना गम्भीर घाइते भएका छन्।



जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) योगेन्द्र तिमिल्सिनाका अनुसार लम्कीचुहा नगरपालिका-३ स्थित नेपाली सेनाको सुदूरपश्चिम पृतना तालिम शिक्षालय, गोरङ्गे ब्यारेकमा बिहीबार बिहान अभ्यासका क्रममा ग्रिनेड विस्फोट भएको हो। विस्फोटमा गम्भीर घाइते भएका हुद्दा हिमालविक्रम बिष्ट को उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। उनको दाहिने हातको हत्केला उड्नुका साथै शरीरका विभिन्न भागमा छर्रा लागेर गम्भीर घाइते भएका थिए। घटनामा सहसेनानी हिमराज जोशी पनि घाइते भएका छन्। उनको शरीरका विभिन्न भागमा छर्रा लागेको छ। प्रारम्भिक उपचारपछि थप उपचारका लागि नेपाली सेनाको हेलिकोप्टरमार्फत काठमाडौं पठाइएको छ। उनको अवस्था खतरामुक्त रहेको जनाइएको छ। दुवै घाइतेलाई बिहान करिब साढे १० बजे लम्कीस्थित लालरत्न अस्पताल पुर्‍याइएको थियो। उपचारकै क्रममा मध्यान्ह करिब १२ बजे बिष्टको मृत्यु भएको प्रहरीले जनाएको छ। घटनाबारे नेपाली सेनाले बिहान पौने १० बजे इलाका प्रहरी कार्यालय चिसापानीलाई जानकारी गराएको थियो। ग्रिनेड विस्फोट हुनुको कारणबारे नेपाली सेना र प्रहरीले थप अनुसन्धान गरिरहेका छन्।

# ६२९औँ परमेश्वर कबीर साहेब प्रकट दिवसका अवसरमा भव्य तीन दिवसीय आध्यात्मिक महासमागम

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १३ असार**

जगतगुरु तत्त्वदर्शी सन्त रामपाल जी महाराजको पावन उपस्थितिमा ६२९औँ परमेश्वर कबीर साहेब प्रकट दिवसको अवसरमा नेपाल तथा भारतका विभिन्न सतलोक आश्रमहरूमा आगामी असार १३ देखि १५ गतेसम्म (जुन २७-२९, २०२६) तीन दिवसीय भव्य आध्यात्मिक महासमागम आयोजना हुँदैछ। पूर्ण ब्रह्म कबिर उपासक समाज, नेपालको आयोजनामा हुने यस महासमागममा सन्त गरिबदास जी महाराजको अमरग्रन्थ साहेबको अखण्ड पाठ, आध्यात्मिक प्रवचन (सत्संग), विशाल निःशुल्क भण्डारा, रक्तदान शिविर, निःशुल्क नाम दीक्षा, दाइजोमुक्त विवाह तथा आध्यात्मिक प्रदर्शनी जस्ता भव्य कार्यक्रमहरु सञ्चालन गरिनेछन्।




कार्यक्रमको विशेष आकर्षणको रूपमा कबीर साहेबको जीवन र शिक्षासम्बन्धी प्रदर्शनीसमेत राखिने भएको छ। यसका साथै भक्तजनहरूका लागि शुद्ध घिउमा तयार गरिएको स्वादिष्ट लड्डु र जलेबी प्रसादको पनि विशेष व्यवस्था गरिने आयोजकले जनाएका छन्। कबीर साहेब काशीको लहरतारा तलाउमा कमलको फूलमा सशरीर प्रकट हुनुभएको सम्झनामा प्रत्येक वर्ष मनाइने यो पावन दिवसलाई सन्त रामपाल जी महाराजको मार्गदर्शनमा अझ उल्लासपूर्ण र सार्थक बनाइने छ। कार्यक्रममार्फत कबीर साहेबको अमर शिक्षाहरूलाई प्रवर्द्धन गर्दै सामाजिक सद्भाव, मानव एकता, शान्ति र सच्चा आध्यात्मिक चेतनाको सन्देश फैलाइने छ। नेपालका विभिन्न सतलोक आश्रमहरूमा तथा भारतका आश्रमहरूमा समेत एकैसाथ आयोजना हुने यस महासमागममा सम्पूर्ण विश्वलाई हार्दिक निमन्त्रणा गरिएको छ।

"यस पावन अवसरमा सबै दाजुभाइ दिदीबहिनीहरू परिवारसहित उपस्थित भई सत्य ज्ञान प्राप्त गर्न, प्रसाद ग्रहण गर्न र आध्यात्मिक उन्नतिको मार्गमा अघि बढ्न सबैमा हार्दिक आह्वान गरिएको छ। यस कार्यक्रमले आध्यात्मिक चेतना अभिवृद्धि गर्दै समाजमा सकारात्मक ऊर्जा फैलाउने विश्वास गरिएको छ। थप जानकारीको लागि नजिकैको सतलोक आश्रम वा पूर्ण ब्रह्म कबीर उपासक समाज, नेपालसँग सम्पर्क गर्न सकिनेछ।

# एकदिने हुलाक कार्यालय सम्बन्धि कार्यशाला सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १३ असार**



जिल्ला हुलाक कार्यालय महोत्तरी जलेश्वरको आयोजनामा एकदिने हुलाक पुनर्संरचना तथा हुलाक कार्यालय व्यवस्थापन सम्बन्धि कार्यशाला सम्पन्न भएको छ।

कार्यालय प्रमुख रामचन्द्र साहको नेतृत्वमा भएको कार्यशालामा कार्यालयकै कर्मचारी देवशरण महरा, सतिश महतो, विजयकुमार चौधरीलगायतले सहजीकरण गरेका थिए। त्यस्तै अपांग अधिकारकर्मी मधु कुमारी र पत्रकार राकेशप्रसाद चौधरीले हुलाकसँग सम्बन्धित अध्ययनहरूबारे जानकारी संकलन तथा विषयवस्तुबारे जानकारी साझा गरेका थिए।

कार्यालय प्रमुख साहले अतिरिक्त हुलाकका कर्मचारीहरूले उठाएका सेवा,सुविधा वृद्धिको माग कानुन निर्माण भएमात्र सम्बोधन हुनसक्ने जानकारी गराएका थिए।

## तपाईको टुडे

मेष: आम्दानी हुने
वृष: अनावश्यक चिन्ता
मिथून: मित्रतामा फाटो आउने
कर्कट: लामो यात्राको योग छ
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: खानपानमा समस्या आउने
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने
धनु: मनमा पछुतो आउने
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना)

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# पत्रकारिता आचारसंहिता र भाषा-शैली अभिमुखीकरण सम्पन्न



**ओम प्रकाश साह**
**जनकपुरधाम, १३ असार**

मिडिया काउन्सिल मधेश प्रदेश, जनकपुरधामको आयोजनामा तथा नेपाल पत्रकार महासङ्घ धनुषा शाखाको समन्वयमा पत्रकारिता आचारसंहिता, भाषा र शैलीसम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालय अन्तर्गत रहेको मिडिया काउन्सिलले विश्वसनीय, मर्यादित र व्यावसायिक पत्रकारिता प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरेको उक्त कार्यक्रम जनकपुरधामस्थित होटल अन्जानी स्वीटमा सम्पन्न भएको हो ।

कार्यक्रममा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिर महतो प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो। उहाँले जिम्मेवार, तथ्यपरक र मर्यादित पत्रकारिताले लोकतन्त्रलाई सुदृढ बनाउने उल्लेख गर्दै सञ्चारकर्मीहरूले आचारसंहिताको पूर्ण पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा पत्रकारिताको आचारसंहिता, जिम्मेवार सञ्चार, भाषा प्रयोग तथा समाचार लेखन शैलीका विषयमा विस्तृत अभिमुखीकरण तथा अन्तरक्रिया गरिएको थियो । वरिष्ठ पत्रकार धर्मेन्द्र झा ले प्रशिक्षण प्रदान गर्दै समाचारमा भाषिक शुद्धता, तथ्यपरकता र व्यावसायिक मर्यादाको महत्वबारे प्रकाश पार्नुभयो ।

मिडिया काउन्सिल मधेश प्रदेशकी कार्यवाहक अध्यक्ष बन्दना कुमारी झा को अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न सञ्चारमाध्यममा आबद्ध पत्रकार तथा सञ्चारकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । सहभागीहरूले यस्ता कार्यक्रमले पत्रकारिताको गुणस्तर अभिवृद्धि गर्न, आचारसंहिताप्रति प्रतिबद्धता बढाउन तथा सञ्चार क्षेत्रलाई अझ विश्वसनीय, मर्यादित र व्यावसायिक बनाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका थिए ।

# जग्गाको वास्तविक अवस्था सार्वजनिक गर्न स्थानीयवासीले माग

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १३ असार**




जनकपुरधाम उपमहानगरपालिका-८ स्थित ऐतिहासिक तथा धार्मिक महत्व बोकेको रसिक निवास (पिठ) को स्वामित्वमा रहेका जग्गाको वास्तविक अवस्था सार्वजनिक गर्न स्थानीयवासीले माग गरेका छन् ।

पिठको नाममा रहेको सम्पत्तिको संरक्षण, उपयोग र स्वामित्वसम्बन्धी स्पष्ट विवरण सार्वजनिक हुनुपर्ने भन्दै उनीहरूले वडा कार्यालयसँग औपचारिक रूपमा जानकारी मागेका हुन् । स्थानीयवासीका अनुसार रसिक निवासको नाममा रहेका जग्गाको क्षेत्रफल, हालको अवस्था, भोगचलन, अतिक्रमण भएको वा नभएको, तथा आय-व्ययसम्बन्धी विवरणबारे सर्वसाधारणलाई जानकारी उपलब्ध छैन ।

यसले विभिन्न आशंका उत्पन्न गरेको भन्दै पारदर्शिताका लागि सम्पूर्ण अभिलेख सार्वजनिक गर्नुपर्ने उनीहरूको माग छ । स्थानीयहरूले जनकपुरधाम उपमहानगरपालिका-८ का वडा अध्यक्ष दिनेश सिंहलाई सम्बोधन गर्दै पिठको स्वामित्वमा रहेका सबै जग्गाको अद्यावधिक विवरण सार्वजनिक गर्न आग्रह गरेका छन् । उनीहरूका अनुसार सार्वजनिक सम्पत्ति वा धार्मिक गुठीसँग सम्बन्धित सम्पत्तिको व्यवस्थापन पारदर्शी हुनुपर्छ र त्यसबारे नागरिकले जानकारी पाउने अधिकार सुनिश्चित हुनुपर्छ । स्थानीय समाजसेवीहरूको भनाइमा धार्मिक तथा सांस्कृतिक सम्पदासँग जोडिएका जग्गाहरूको संरक्षण र व्यवस्थापन प्रभावकारी बनाउन पहिले त्यसको वास्तविक अवस्था सार्वजनिक हुनु आवश्यक छ। उनीहरूका अनुसार जग्गाको अभिलेख, नक्सा, क्षेत्रफल, भोगाधिकार र हालको उपयोगबारे स्पष्ट सूचना सार्वजनिक भए सम्भावित विवाद तथा भ्रम पनि हट्नेछ । स्थानीयवासीले वडा कार्यालय मार्फत सम्बन्धित निकायसँग समन्वय गरी रसिक निवास (पिठ) को नाममा रहेका सम्पूर्ण जग्गाको विवरण सार्वजनिक गर्न, आवश्यक परे स्थलगत अनुगमन गर्न तथा सार्वजनिक सुनुवाइसमेत आयोजना गर्न माग गरेका छन् । यस विषयमा वडा कार्यालयले भने औपचारिक प्रतिक्रिया सार्वजनिक गरिसकेको छैन । स्थानीयहरू भने सार्वजनिक सम्पत्तिको संरक्षण र पारदर्शिताका लागि सम्बन्धित निकायले यथाशीघ्र तथ्यगत विवरण सार्वजनिक गर्नुपर्नेमा जोड दिइरहेका छन् ।

# संघको चौथो वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशन सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १३ असार**



मिथिला उद्योग वाणिज्य संघ ढल्केबरको चौथो वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशन सम्पन्न भएको छ ।

कार्यक्रममा उद्योग व्यवसायको प्रवर्द्धन, निजी क्षेत्रको सशक्त भूमिका तथा आर्थिक समृद्धिका लागि उद्योगी व्यवसायीबीच एकता आवश्यक रहेकोमा वक्ताहरूले जोड दिएका छन् । जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीको प्रमुख आतिथ्य तथा मिथिला उद्योग वाणिज्य संघका अध्यक्ष तेज नारायण साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न उद्योगी, व्यवसायी, संघका पदाधिकारी तथा सरोकारवालाको सहभागिता रहेको थियो। प्रमुख अतिथि भण्डारीले निजी क्षेत्र मुलुकको आर्थिक विकासको प्रमुख आधार भएकाले उद्योगी व्यवसायीका साझा समस्या समाधानका लागि सबै उद्योग वाणिज्य संघबीच सहकार्य र समन्वय आवश्यक रहेको बताए । उनले व्यवसायमैत्री वातावरण निर्माण गर्न सरकार र निजी क्षेत्रबीच प्रभावकारी संवाद हुनुपर्ने धारणा व्यक्त गरे ।

अध्यक्ष तेज नारायण साहले संघले विगतका वर्षहरूमा व्यवसायीहरूको हकहित संरक्षण, व्यापार प्रवर्द्धन तथा संस्थागत विकासका क्षेत्रमा विभिन्न गतिविधि सञ्चालन गरेको उल्लेख गर्दै आगामी दिनमा पनि उद्योगी व्यवसायीको हितलाई केन्द्रमा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

## बन जंगल डढेलोबाट जोगाउँ

बन अतिक्रमण गर्ने कार्य कानून विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौं । वन पैदावार जडीबुटीको अबैध ओसार पोसार र जीवजन्तुको अबैध शिकार नगरौं ।
वन विनाश हुन नदिऊ साथै बृक्षारोपण गरौं ।
सडकको पेटीमा रुख रोपौं,पर्यावरण सफा र स्वस्थ्य राखौं । वन हाम्रो जिवनको आधार हो भने जिवजन्तुको वासस्थान पनि हो ।

**डिभिजन वन कार्यालय**
**जनकपुरधाम,धनुषा**

## सूचना

मधेस प्रदेशको राजधानी जनकपुरधामको कुवा रामपुरमा यो सचिवालय रहेको छ । यस प्रदेशको माननीय प्रदेश सदस्यहरुले यस सभामा प्रदेशको समग्र विकासको लागि विभिन्न नीति तथा बजेटको तर्जुमा गरी सो कार्यान्वयनको लागि प्रस्ताव राख्ने तथा सो लागु गराउने प्रमुख भूमिका खेल्दछन् । प्रदेश सभा सचिवालले जारी गर्ने बैठक सम्बन्धी सूचना सबै माननीयहरुले जानकारी प्राप्त गरी सकेपछि यस सभामा अनिवार्य उपस्थित रहन आवश्यक हुन्छ ।

**प्रदेश सभा सचिवालय**
**मधेस प्रदेश,जनकपुरधाम, धनुषा**




**अनुरोधकर्ता**
**मटिहानी नगरपालिकाको कार्यालय**
**महोत्तरी , मधेश प्रदेश**

# नेपाली समाजको वैचारिक उकुसमुकुस

-जेन-जी विद्रोहदेखि आमनिर्वाचनसम्मको छोटो अवधिमा नेपाली राजनीतिको आधारभूत संरचना गहिरोसँग परिवर्तन भएको छ। यस परिवर्तनको सैद्धान्तिकीकरण नहुनुका कारण समाजमा वैचारिक उकुसमुकुस देखिएको छ र पुराना दलका समर्थकहरू सोच्नका लागि नयाँ 'टुल' नपाएर अन्योलमा छन् ।

नयाँ राजनीतिक शक्तिको उदयले लोकतान्त्रिक अभ्यासलाई ताजा बनाएको छ भने, पुराना दलहरूलाई पनि आफूलाई पुनः सान्दर्भिक बनाउने अवसर दिएको छ । जेन-जी विद्रोहको नेतृत्व रास्वपाले गरेको त थिएन तर निर्वाचनसम्म पुग्दा विद्रोहका आधारमा बनेको जनमतको प्रतिनिधित्व गर्ने राजनीतिक संस्थाको ठाउँ उक्त पार्टीले लिन पुग्यो ।

जेन-जी विद्रोहदेखि आमनिर्वाचनसम्मका केही छोटा महिनाहरूमा नेपाली राजनीतिको 'ग्राउन्ड' गहिरोसँग 'सिफ्ट' भएको छ भन्नेसम्म त धेरैथोर स्वतन्त्र रूपमा सोच्न सक्ने सबैले स्विकारेकै जस्तो लाग्छ । एकातिर भर्खर चार वर्ष पहिले अस्तित्वमा आएको एउटा दल त्यो ठूलो 'सिफ्ट' को प्रतिनिधि बन्न पुगेर संसद्मा पुग-नपुग दुईतिहाइ सिटसहित उपस्थित छ । अर्कातिर, ३५ वर्षदेखि 'आखिर जे गरे पनि हामी नै त हौं नि' भनेर आफूहरूमध्ये एक वा अर्कालाई नै निर्विकल्प राज्य संस्थापन भन्ने ठानेका पुराना दलहरूले 'होइन, यो के भएको हो ?' भनेर जे भइसकेको छ, त्यो ग्रहण गर्ने व्याकरण भेट्टाउनै सकेका छैनन् ।

कांग्रेस, एमाले, माओवादी र मधेशवादी दलका वैचारिकी वरिपरि भुम्मिएर आफ्ना सामाजिक दृष्टिकोण बनाइरहेका दलबाहिरका समर्थकका समूहहरू अहिले नयाँ परिदृश्यमा कसरी सोच्ने भनेर नयाँ 'टुल' नभेट्टाएको स्थितिमा छन् । यसबारे केही बिस्तारमा पछि चर्चा गरौंला, तर विषय प्रवेशका क्रममा यतिचाहिँ अहिल्यै भनिहालौं- बिना 'टुल' समाज र राजनीतिका फराकिला विषयमा धेरै मानिसले आफैं सोच्न-विचार बनाउन सक्दैनन् । त्यस अर्थमा, नेपालका पुरानो पुस्ताका धेरै मानिसले सोच्नका लागि मार्क्सवाद एउटा सर्वसुलभ 'टुल' हो, प्रजातान्त्रिक समाजवाद अर्को, अनि पहिचानवाद अर्को। भूमिगत रूपमा हिंसात्मक राजनीति गरेर एकैचोटि संविधानसभामा ठूलो दलका रूपमा (कांग्रेस र एमालेको संयुक्त सिटभन्दा




बढी) उदाएको माओवादी २०६५ मा एकाएक सरकारको नेतृत्व गर्ने ठाउँमा पुग्दा पनि नेपालको पुरानो राज्य संस्थापनलाई एक प्रकारको 'सक' भएकै थियो ।

अहिलेको सन्दर्भ त्यस्तै त होइन, किनकि रास्वपा यसअघि पनि संसद् र सरकारमा भएको दल हो र प्रधानमन्त्री वालेन्द्र शाह काठमाडौंका मेयर भएका व्यक्ति हुन् । तैपनि 'पुराना' र 'नयाँ' का समर्थकबीच हरेकजसो 'सानोठूलो' घटनामा जुन किसिममा तीव्र प्रतिक्रिया देखाइहाल्ने एक प्रकारको 'कल्चरल वार' को स्थिति सार्वजनिक विमर्शमा देखिइराखेको छ, त्यसका अर्थहरू सरकारको एउटा निर्णयमाथि गरिने आलोचना वा अर्को कामका लागि देखाइने समर्थनका तात्कालिक र दैनन्दिन सन्दर्भभन्दा गहिरा छन् । यस्तो किन भइरहेको होला त भनेर आजको स्तम्भमा मैले सम्भावित कारणबारे एउटा 'हाइपोथेसिस' होइन, 'थेसिस' प्रस्ताव गर्दै छु । आजको लेखको विषय त सर्वथा नयाँ हो तर पंक्तिकारको 'डिपार्चर' शीर्षकको पछिल्लो स्तम्भले जुन स्केलको विमर्शको निमन्त्रणा गर्‍यो, त्यसलाई 'याक्नलेज' पनि नगरी अगाडि बढ्नु सार्वजनिक अभद्रता जस्तो देखिन सक्छ, जुन पंक्तिकारको स्वभावमा पर्दैन । विचार पृष्ठमा लेख्नु भनेको नै एउटा विषयमा दृष्टिकोण प्रस्तुत गर्नु हो, जसप्रति पढ्नेहरूका आफ्ना वर्षौंका सामाजिक संगत र पढेका पुस्तकबाट बनेका जीवनदृष्टि तथा तत्कालको मनोदशा अनुसारका प्रतिक्रिया आउने भइहाले ।

साभार : कान्तिपुर ।

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी सूचना

कम्पनीको मिति २०८३/०२/२६ मा सम्पन्न विशेष/बार्षिक साधारण सभाको निणर्य बमोजिम कम्पनीको साविक नाम (**भेषभूषा टेक्नोलोजीज प्रा. लि.२७३७५३/०७८/०७९**) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम (**वन एग्रो टेक प्रा. लि.२७३७५३/०७८/०७९**) को कम्पनीले सकार्ने व्यहोर्ने र नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी मिति २०८३/०३/१० को निर्णयानुसार **वन एग्रो टेक** प्रा.लि. कायम गरिएको छ।




**अनुरोधकर्ता**
**बिदेह नगरपालिकाको कार्यालय**
**धनुषा,मधेश प्रदेश**

## सूचना

- पशुपन्क्षी तथा मत्स्य निर्देशनालयबाट जारी हुने उपभोक्तामूखी सूचनाको पालना गरौं ।
- पशुपन्क्षीलाई आवश्यक हेरचाह गरौं तथा पोषणयुक्त खाने कुरा खुवाऔं ।
- पशुपन्क्षीलाई कुनै रोग लागेमा वा कुनै स्वास्थ्य सम्बन्धी गरबरी भएमा, आवश्यक सल्लाह लिनु परेमा नजिकको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क गरौं ।
- माछा सम्बन्धी यस निर्देशनालयबाट दिइने विभिन्न तालिममा सहभागि भई माछा उत्पादनमा हातेमालो गरौं ।
- माछाको भुर्रा वा अन्य सम्बन्धमा कुनै जानकारी लिनु परेमा यस निर्देशनालयमा सम्पर्क गरौं ।
- पशुपन्क्षी तथा मत्स्य निर्देशनालयले किसानमूखि कार्यक्रमहरु संचालन गर्ने गराउने भएकोले समयमै सम्पर्क गरी मौकाको फाइदा उठाउनु होस् ।

**पशुपन्क्षी तथा मत्स्य निर्देशनालय,जनकपुरधाम**

## सूचना !

सडक हामी सबैको सम्पत्ति हो, सडक सीमाको अतिक्रमण नगरौं, सडक सीमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं, निर्माण सामाग्री, ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं, सडक दुर्घटनाबाट जोगिऔं र अरुलाई पनि जोगाऔं ।

**सडक डिभिजन कार्यालय,धनुषा**

## जलश्रोत र सिंचाईमा ध्यान दिऔं

- जलश्रोतको मुहान पहिचान गरौं र सिंचाईलाई सुलभ बनाऔं ।
- पानी मुहान, सिमसार, तालतलैयाको संरक्षण गरौं, जैविक विविधतालाई संचित राखौं ।
- खाली जग्गाहरुमा वृक्षारोपण गरौं, जलश्रोत तथा सिंचाईको विकासमा अमूल्य योगदान गरौं ।
- खोला किनारमा रुख रोपौं, नदी कटान बाढी रोकथाम गर्दै विपद् व्यवस्थापनमा सहयोग गरौं ।
- आफ्नो टोल, गाउँ नगर तथा सार्वजनिक स्थल र वातावरण सफा राखौं ।
- जलश्रोतको उच्च उपयोग गरौं र सिंचाईको उपलब्धतामा ध्यान दिऔं ।
- स्थानिय सरोकारवालाहरुसँग हातेमालो गरी जलश्रोत र सिंचाईवारे सहयोग लिऊ।
- जलश्रोत तथा सिंचाईको विकास तथा प्रबर्द्धनमा सबैको पारस्परिक सहयोगको आवश्यकता रहेकोले सबैले सबैलाई सहयोग गर्ने बातावरण तयार गर्नु पर्दछ ।

**जलश्रोत तथा सिंचाई विकास डिभिजन**
**जनकपुरधाम,धनुषा**

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday